**मिति २०८०/६/६ गते बसेको (२०८०/०८१) को कार्यपालिका बैठकको निर्णयहरु**

**निर्णय नं. १**

मिति २०८०/६/६ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२**

रत्ननगर नगरपालिकाबाट संचालन हुने तपसिल बमोजिमका योजनाहरुको बोलपत्र आब्हानका लागि निम्न बमोजिम योजनाहरुलाई नगर स्तरीय विविध पूर्वाधार निर्माण शिर्षकबाट व्ययभार हुने गरी रकम थप गरी ठेक्का प्रक्रिया अगाडी बढाउने र बोलपत्रदाताको कबोल अंक कम भएमा पुन: अर्को ठेक्का आब्हान गर्न नपाउने गरी बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

क.रनपा ७ को सडक हयुम पाईप नाला सहितको फुटपाथ निर्माणको लागि रु.३००००००/-

ख. रत्ननगर नगरपालिका वडा नं.५ को दृष्टी विहिन विद्यालय भवन निर्माणका लागि अपुग बजेट रु.२४०००००/-

ग. रनपा २ को सडक निर्माण मर्मत नाला निर्माण र ढकनी राख्ने कार्यका लागि थप रु.५०००००/-

घ. रत्ननगर नगरपालिकाको पुरानो प्रशासकनिक भवनको तेस्रो तल्ला पार्टेशन गर्ने,जिप्सन राख्ने र मर्मत गर्ने कार्यका लागि रु.९५००००/-

ङ. पुरानो प्रशासनिक भवनको दोस्रो तल्लामा नयाँ कोठा निर्माणका लागि **रु.९९००००/-**

च. वक्षश्वेर मन्दिर कम्पाउण्डबाल निर्माण वडा नं.६ का लागि अन्य विविध सार्वजनिक निर्माण शिर्षकबाट व्ययभार पर्ने गरी रु**.९,९९,०००/-**

निर्णय नं.३

रत्ननगर नगरपालिकाको विभीन्न मितिको निर्णयानुसार सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको मिति २०८०/४/०१ गते देखि पौष मसान्त सम्म ६ (छ) महिनाको लागि करार अबधी थप गर्ने निर्णय गरियो ।

निर्णय नं.४

रत्ननगर नगरपालिका अन्तरगत वडा नं.५ मा रहेको नगर स्वास्थ्य केन्द्र टरौली र वडा नं.१४ को नगर स्वास्थ्य केन्द्रमा ल्याव संचालनका लागि आवश्यक जनशक्ती सेवा करारमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं.५

रत्ननगर नगरपालिकाले हरितालिका तिज र थारु समुदायका महिलाहरुको पर्व जितिया -२०८० को उपलक्ष्यमा आयोजना गरेको शुभकामना आदानप्रदान तथा दर खाने कार्यक्रममा खर्च भएको **रु.१९२५००/-** (एक लाख बयान्ब्बे हजार पाँच सय मात्र) राख्ट्रिय पर्व /उत्सव आयोजना शिर्षकबाट व्ययभार पर्ने गरि न्यु नेस्नल टेण्ट हाउस रनपा २ लाई भुक्तानी दिने निर्णय गरियो।

**<u>निर्णय नं.६</u>**

रत्ननगर नगरपालिका वडा नं.९ बस्ने श्री नेत्र बहादुर बस्नेतको आर्थिक अवस्था कमजोर भएको नीजको छोरा प्रेम बहादुर बस्नेत मेडीसिटी हस्पिटल काठमाडौंमा एपेन्डी साईटको उपचाररत रहेकाले निजको उपचारका लागि सहयोग माग भै आएकाले रु.५००००/- (पचास हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**<u>निर्णय नं.७</u>**

रत्ननगर नगरपालिका वडा नं.२ को टाडी बजार क्षेत्र सौन्दर्यीकरणका लागि फुलका बिरुवा सहित गमला राख्ने कार्याका लागि विविध/ पूर्वाधार निर्माण शिर्षकबाट व्ययभार हुने गरी ल.ई. बमोजिम रु.३६००००/- (तिन लाख साठी हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो।

-

**<u>निर्णय नं.८</u>**

श्री विनडोर इन्जिनियारिङ्ग प्रा.लि. रनपा -०४ लाई रत्ननगर नगरपालिकाको घ वर्गको ईजाजत पत्र सम्बन्धी कार्यविधि २०६५ बमोजिम तोकिएको प्रकृया पुरा गरेकाले उक्त कम्पनीलाई घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र दिने निर्णय गरियो।

**<u>निर्णय नं.९</u>**

रत्ननगर नगरपालिका वडा नं..१६ का महिला समुहलाई पञ्चेबाजा बजाउने तालिम दिईए बापत थप एक महिनाको प्रशिक्षार्थी खर्च रु.३६०००/- )छत्तिस हजार मात्र) र समुहबाट माग भएको पच्चेबाजा बाजा खरिदका लागि रु.१०००००/- (एक लाख मात्र) विविध कार्यक्रम शिर्षकबाट व्ययभर पर्ने गरी विनियोजन गर्ने निर्णय गरियो।

**<u>निर्णय नं.१०</u>**

मिति २०८०/६/५ गतेको वन, वातावरण तथा विपद् विपद् व्यवस्थापन समितिको निर्णय अनुसार आगलागी तथा हावाहुरीका कारण क्षति भएको तपसिल बमोजिमा वयक्तीहरुलाई राहात रकम उपल्बध गराउने निर्णय गरियो।

तपसिल

क. श्री लक्ष्मी कुमारी आचार्य वडा नं.१ – रु.२५०००/-
ख. . श्री डिमर महतो वडा नं.६ – रु.२५०००/-
ग. श्री भिखु महतो वडा नं.८ रु.१००००/-

**निर्णय नं.११**

रत्नगर नगरपालिका १४ नं. वडा कार्यालयबाट सिफारिस भै आएका सोही वडामा बस्ने आर्थिक अवस्था कमजोर भएका तपसिलका व्यक्तीहरुलाई प्राविधिक लागत अनुमान बमोजिम रकम विनियोजन हुने गरी जस्तापाता उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

क. श्री प्रेम बहादुर माझी
ख. श्री हरि माया न्यौपाने

**निर्णय नं.१२**

चितवन उद्योग संघद्धारा मिति २०८० भदौ २० गतेदेखि २४ गते सम्म संचालन गरिएको तिज बिशेष उद्यमशिल एक्स्पो-२०८० का लागि रत्ननगर नगरपालिकाका उद्यमी महिलाहरुले उत्पादन गरेका तपसिल बमोजिमका सामाग्री प्रदर्शनीका लागि ४ वटा स्टल उपलब्ध गराए बापत प्रति स्टल रु.२००००/- का दरले ४ वटा स्टलको मुल्य रु.८००००/- (असी हजार मत्र) चितवन उद्योग संघलाई भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | उद्योग/समुहको नाम | प्रदशर्नी गरिने बस्तु सेवा | कै. |
|---|---|---|---|
| १ | शर्मा एग्रो प्रोडक्टस | स्थानीय रैथाने बालिबाट बनेका खाद्यन्न सामाग्री | |
| २ | उद्यमशिल महिला समुह | हस्तकलाका सामानहरु, चर्खाबाट निर्मित सामानहरु | |
| ३ | उद्यमशिल महिला समुह | स्थानीय, रैथाने बाली/ खाद्यन्नबाट बनेका खाजाका परिकारहरु | |
| ४ | नमुना हस्तकला उद्योग | क्रिष्टलबाट उत्पादित गरगहना | |
| ५ | दिलिशा व्युटी पार्लर एण्ड ट्रेनिङ्ग सेन्टर | व्युटी पार्लर सम्बन्धि सेवा | |

**निर्णय नं.१३**

रत्ननगर नगरपालिका वडा नं.१ सौरहा चोमा रहेको सार्वजनिक शौचालयमा डोरहाजिरीमा कार्यरत कर्मचारी जितना महत्तोलाई मासिक रु ६०००/- (छ हजार मात्र) रकम नपाबाट उपलब्ध गराउने र सेवा

शुल्क बापत उठेको रकम मिति २०८०/७/०१ गतेदेखि नगरपालिकाको राजस्व खातामा दाखिला नगरी निजले नै दिने निर्णय गरियो ।

**निर्णय नं.१४**

रत्ननगर नगरपालिका वडा नं.२ मा पुल नजिकै रहेको सामुदायिक भवनलाई मासिक न्युनतम रु १२०००/- मा भाडामा लगाउने निर्णय गरियो ।

**निर्णय नं.१५**

रत्ननगर नगरपालिका वडा नं.९ मा रहेको पशु हाट बजारमा भुस्याहा कुकुर बध्याकरणका लागि विविध पूर्वाधार निर्माण थपमा लागि प्राविधिक ल.ई. बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

रत्ननगर नगरपालिकाको वडा नं.२ को आदर्श टोलमा व्यवसायीहरुद्धारा नगरपालिकाको स्वामित्वमा रजिष्ट्रेसन पास भएको ५ धुर (कि.न. २/५४९३ ) जग्गामा सामुदायिक भवन निर्माणका लागि ०२ नं.वडा कार्यालयबाट सिफारिस भए बमोजिम सामुदायिक भवन निर्माणका लागि ससीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७**

रत्ननगर नगरपालिका वडा नं. ६ बस्ने श्री विपिन चौधरी लागु औषध सेवनका कारण सुधार केन्द्रमा रहेको र निजको पारिवारिक आर्थिक अवस्था समेत कमजोर भएका कारण निजको उपचारमा खर्च भएको रु. ३६०००/- (छत्तिस हजार मात्र) श्री सपोर्ट एण्ड केयर रिभाविलेसन सेन्टर रत्ननगर ६ लाई अन्य आर्थिक सहायता शिर्षकबाट व्यभार पर्ने रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

कालिका नगरपालिका वडा नं.-९ बस्ने नेत्र बहादुर बस्नेतको छोरा प्रेम बहादुर बस्नेतलाई एपेन्डी साईट अप्रेशन गरी मेडिसिटी हस्पिटल काडमाण्डौमा उपचार गरिरेहेको र निजको घरायसी अवस्था कमजोर भएका कारण निजको उपचार खर्च रु. ५०,०००।–(पचास हजार मात्र) आर्थिक सहायता शिर्षकबाट व्ययभार पर्ने गरी रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**

विश्वहिन्दु महासंघद्धारा कोटीहोम रथयात्रा स्वागतका लागि मिति २०८०/०५/३१ गते रत्ननगर नगरपालिका वडा नं.२ शिवालय मन्दिरमा संचालन हुने कार्यक्रमका लागि अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार पर्ने गरी रु.१०००००/- (एक लाख मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०**

अखिल (क्रान्तीकारी) पुर्वी चितवन इकाई समितिले मिति २०८० असोज ४ र ५ गते स्काई एण्ड क्लाउड खैरहनी नपा-८ मा संचालन गरेको फुटसल प्रतियोगितो लागि आ.व.०८१/०८१ लागि खेलकुद प्रर्वद्धन शिर्षकमा विनियोजित बजेटबाट व्ययभार पर्ने गरी रु.५००००/- (पचास हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१**

भरतपुर महानगरपालिका वडा नं. १० निवासी कैलाश कोईरालाको उपन्यासको पुस्तक राजव्युह प्रकाशनका लागि आ.व.०८०/०८१ मा विनियोजित अन्य आर्थिक सहायता बजेट शिर्षकबाट व्ययभार पर्ने गरी रु.४००००/- (चालिस हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२**

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन जिल्ला कमिटि चितवनले मिति २०८० साउन १२ गते शुक्रबार संचालन गरेको SEE सम्मान तथा कार्यकर्ता प्रशिक्षण कार्यक्रमका लागि अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार पर्ने गरी रु.३५०००/- (पौतिस हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३**

रत्ननगर नगरपालिका वडा नं.१० मा अस्थायी बसोबास गरी ज्याला मजदुरी गरी जिविको पार्जन गर्दै आएका पर्सा जिल्ला शंकर शरैया- ५ स्थायी ठेगाना भएका ४० बर्षका श्री वालेश्वर राउत थारु को मुटु रोग उपचारका लागि अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार पर्ने गरी रु.१००००/- (दश हजार मात्र) विनियवजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४**

साविक पिठुवा गा.वि.स. हाल रत्ननगर नगरपालिकाका वडा नं. १४, १५ र १६ को पूर्वतर्फ कयरखोला, पश्चिमतर्फ करिब ७ किलोमिटर टाढा खोलेसिमल प्रहरी चौकी, उत्तरतर्फ करिब ६ किलोमिटर टाढा जुटपानी प्रहरी चौकी र दक्षिणतर्फ करिब ८ किलोमिटर टाढा इलाका प्रहरी कार्यालय टाँडीमा प्रहरी

चौकी रहेको, भौगोलिक हिसाबले कुनै घटना, दुर्घटना, चोरी निकासी तथा डकैती, लागुपदार्थ दुर्वेसनी हुँदाको बखतमा यथासक्दो छिटो प्रहरी प्रशासन घटनास्थलमा उपस्थित हुन समय लाग्ने भएको हुँदा त्यस्ता प्रकृतिका घटनामा न्यूनीकरणका लागि प्रहरी चौकी स्थापनाका लागि जिल्ला प्रशासन कार्यालय भरतपुर चितवनलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं.२५**

रत्ननगर तेक्वान्डो डोजाङ्गले ई.स. जुलाई ७ देखि १४ सम्म दक्षीण कोरियाको राजधानी सिओलमा संचालन भएको तेक्वान्दो खेलमा सहभागी भएका रत्ननगर नगरपालिकाका तेक्वान्डो खेलाडी पुष्पराज जोशीलाई विविध खेलकुद कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरी रु.५००००/- (पचास हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं.२६**

रत्ननगर नगरपालिकाको परिसरमा विद्युतिय क्षमता वृद्धि गर्न १०० के.भि.ए. को ट्रान्सफर्मर जडान गर्नुपर्ने भएकाले आ.व. ०८०/०८१ मा नगरस्तरीय बजेट उज्जयालो रत्ननगर अभियान न.गौ.यो. शिर्षकबाट व्ययभार पर्ने गरी रु.५,२५,५४५.२५ ( पाँच लाख पच्चीस हजार पाँच सय पैतालिस मात्र) विनियोजन गरी नेपाल विद्युत प्राधिकरण रत्ननगर वितरण केन्द्रको नाममा भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.२७**

रत्ननगर नगरपालिका वडा नं.१५ मा माधवपुर खेल मैदानमा तारजाली लगाउने कार्यका लागि आ.व. २०८०/०८१ को नगर स्तरीबाट सार्वजनिक स्थालमा तारजाली लगाउने शिर्षकबाट व्ययभार पर्ने गरी **रु.४५००००/- (चार लाख पचास हजार मात्र)** विनियोजना गर्ने निर्णय गरियो।

-

-

**निर्णय नं.२८**

रत्ननगर नगरपालिकाको कार्यालयमा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७७, को दफा ५ मा अन्तरबार्ता तथा सूचिकरण समितिको सट्टा पदपुर्ति समिति लेख्ने तथा दफा ६ को सुचीकरणको विवरण प्रकाशन मा उपदफा ४ थप गर्ने र उक्त उपदफामा यस कार्यविधिमा अन्य जे सुकै कुरा लेखिएको भएतापनी समितिको सिफारिसमा आवश्यकता अनुसार छनौट प्रणालीमा थपघट गर्न सक्नेछ भन्ने वुद्धा थप गर्ने निर्णय गरियो।

**निर्णय नं.२९**

आ.व. २०७९/०८० को बार्षिक समिक्षा कार्यक्रम मिति २०८०/६/१५ गते रत्ननगर नगरपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो।